# विर्तामोड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विर्तामोड, झापा
१ नं. प्रदेश, नेपाल

☎ (०२३)
५४०२४४
५४६२००


प. सं. : प्रशासन २०७५/०७६
च. नं. :

मिति : २०७५/८/१२

## नगर प्रहरीको आवश्यकता सम्बन्धी सूचना ।

यस विर्तामोड नगरपालिकाका लागि निम्नानुसारका नगर प्रहरी आवश्यक भई करारमा नियुक्ति गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ ( पन्ध्र ) दिन भित्र कार्यालय समयभित्र रितपूर्वकको दरखास्त पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

- नगर प्रहरी कमाण्डर : १ ( एक ) जना ।
- नगर प्रहरी सहायक कमाण्डर : १ ( एक ) जना ।
- नगर प्रहरी : खुल्ला ८ ( आठ ) जना, महिला ५ ( पांच ) जना ।

**योग्यता तथा अन्य सेवा, शर्त**

***योग्यता***

१) कमाण्डर र सहायक कमाण्डरले न्यूनतम SLC वा सो सरह उत्तिर्ण गरेको हुनु पर्नेछ र अन्यको हकमा कक्षा–८ उत्तिर्ण गरेको हुनुपर्नेछ ।

२) कमाण्डर र सहायक कमाण्डरको हकमा नेपाल प्रहरी वा सशस्त्र प्रहरी भए सहायक प्रहरी निरीक्षक वा नेपाली सेनाको भए हवल्दार सेवामा कम्तीमा ७ वर्षको सेवा अनुभव भएको र कुनै विभागिय कारवाही नभएको उम्मेदवार हुनु पर्नेछ ।

***सेवा तथा शर्त***

१) नगर प्रहरीलाई रु. १५,०००।००, सहायक कमाण्डरलाई रु. १८,०००।०० र कमाण्डरलाई रु. २०,०००।०० मासिक पारिश्रमिक उपलब्ध गराईनेछ । साथै चाडपर्व खर्च वापत थप १ महिनाको पारिश्रमिक समेत उपलब्ध गराईनेछ ।

२) वर्षमा १ पटक पोशाक खर्च वापत रु. १०,०००।०० एकमुष्ठ उपलब्ध गराईनेछ र राशन खर्च वापत प्रति महिना ३,७००।०० दिईनेछ ।

३) नगर प्रहरीले २४ सैं घण्टा ड्युटी गर्नु पर्नेछ । कमाण्डरले ड्युटी रुटिङ्ग बनाई परिचालन गर्नु पर्नेछ ।

***छनौट विधि***

१) महिलाको हकमा ४ फुट ६ इन्च उचाई र पुरुषको हकमा ५ फुट ५ इन्च उचाई भएको र शारिरीक र मानसिक रुपमा स्वस्थ्य भएको हुनु पर्नेछ ( निरोगिताको प्रमाण–पत्र समेत पेश गर्नुपर्नेछ ) ।

२) लिखित, शारिरीक प्रयोगात्मक र मौखिक परीक्षा लिईनेछ ।

३) कुनै पनि फौजदारी अभियोगमा सजाय पाएको उम्मेदवारलाई छनौट गरिने छैन ।

४) विर्तामोड नगरपालिका भित्रका उम्मेदवारलाई प्राथमिकता दिईनेछ । आवेदन दस्तुर वापत रु. १००।०० ( पछि फिर्ता नहुने गरी ) रुपैंया लाग्नेछ र उक्त आवेदन फाराम कार्यालयबाट उपलब्ध गराईनेछ ।

५) नगर प्रहरीको उम्मेदवार हुन २० वर्ष उमेर पुरा भई ४० ननाघेको ।

६) कमाण्डर र सहायक कमाण्डरको हकमा ३५ देखि ४६ वर्ष ननाघेको हुनुपर्नेछ साथै विभागिय तालिम शिक्षक भएकालाई प्राथमिकता दिईनेछ ।

७) अन्य कुराहरु बुझ्न आवश्यक भएमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

पशुपति खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner